**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो कुचबिहारबाट भाजपाको चुनाव प्रचारको औपचारिक सुरुवात गर्नुभयो।

- भारतीय जनता पार्टीको 47 ओ स्थापना दिवस दार्जीलिङ, कालेबुङ, खर्साङ अनि मिरिक लगायत अन्य स्थानमा पालन गरियो।

- पश्चिम बंगाल बिधानसभा चुनावको पहिलो चरणको मतदानको निम्ति नामांकन दर्ता गर्ने अन्तिम दिन आज इण्डियन गोर्खा जनशक्ति फ्रण्ट लगायत मकपा अनि कांग्रेसका उम्मेदवारहरु भरे नामांकन।

- प्रसिद्ध चिकित्सक अनि पद्मश्री द्वारा सम्मानित डॉ. मणि कुमार छेत्रीको हिज अबेर राती निधन भएको छ।

- रोहिणी टोल गेट नजिकै हात्तीको आक्रमणमा परेर एक व्यक्तिको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको खबर प्राप्त भएको छ।

**पश्चिम बंगाल चुनाव प्रचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो कुचबिहारबाट भाजपाको चुनाव प्रचारको औपचारिक सुरुवात गर्नुभयो। यसका साथै पश्चिम बंगाल विधानसभा चुनावको प्रचारले गति लिएको छ।राजनीतिक दलहरूले र्‍यालीहरू गरिरहेका छन् र मतदाताहरूलाई आकर्षित गर्न हरसम्भव प्रयास गरिरहेका छन्। श्री मोदीले आफ्नो प्रचारमा, तृणमूल कांग्रेस सरकारलाई कानून व्यवस्था बिग्रिएको आरोप लगाउनुभयो र राज्यबाट डर हटाउने वाचा गर्नुभयो।यसैबीच, गृहमन्त्री अमित शाहले भाजपाको लागि भारी बहुमतको महत्वाकांक्षी लक्ष्य राख्नुभयो, जुन वर्तमान सरकारलाई सत्ताबाट हटाउन आक्रामक रणनीतिको संकेत हो।अर्कोतर्फ, मुख्यमन्त्री ममता बनर्जीले आफ्नो सरकारको कल्याणकारी योजनाहरूको उल्लेख गर्दै भाजपामाथि अशान्ति र ध्रुवीकरणको आरोप लगाउनुभएको छ।।तृणमूल कांग्रेस पार्टीले सामाजिक सहायता कार्यक्रमहरू, विशेष रुपमा महिलाहरूलाई लक्षित गर्ने कार्यक्रमहरुमा जोड दिइरहेको छ ।कांग्रेस पार्टीले मालदा र मुर्शिदाबादका सीमावर्ती जिल्लाहरूमा प्रचार गरेर राज्य विधानसभामा प्रवेश गर्ने प्रयास गरिरहेको छ।

आफ्नो सम्भावनालाई मजबूत गर्न पार्टीले अधीर रञ्जन चौधरी र पूर्व टीएमसी राज्यसभा सदस्य मौसम बेनजीर नूर जस्ता प्रमुख नेताहरूलाई मैदानमा उतारेको छ।यसैबीच, राजनीतिक झडपको आशंकालाई ध्यानमा राख्दै शान्तिपूर्ण मतदान सुनिश्चित गर्न ठूलो संख्यामा सुरक्षा बल तैनाथ गरिएको छ।

**अमित मालवीय- आरोप**

भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीको एक बयानलाई लिएर उहन्मथी सुरक्षा बल बिरुद्ध माहौल बनाएको आरोप लगाएको छ। भाजपाका सूचना प्रौद्योगिकी प्रकोष्ठका प्रमुख अमित मालवीयले यस मुद्दामाथि निर्वाचन आयोगसित हस्तक्षेपको मांग गरेको छ। अमित मालवीयले आज सोशल मीडिया प्लेटफार्म एक्समा आफ्नो एक संदेशमा

आरोप लगाउनु भएको छ कि मुख्यमंत्रीको बयान सुरक्षा एजेंसिहरु बिरुद्ध हिंसा उस्काउने खालको थियो। मुख्यमंत्रीले कथित रुपमा भन्नुभएको थियो कि सुरक्षा एजेंसिहरुले यदि रोकें, सड़कहरुलाई “सफा” गर्न पर्नेछ। साथै सीमा सुरक्षा बल अनि भारत-तिब्बत सीमा पुलिसको उल्लेख गर्दै महिलाहरुको जांचको निर्देश दिएको छ अनि यदि महिलाहरुलाई छोए स्वयं महिलाहरुले यसको जवाब दिने दाबी गर्नुभयो। मुख्यमंत्रीले भन्नुभएको थियो, यदि कसैलाई मतदान गर्न जादा रोके “झाड़ूले घर सफा गरे झैं” बाटो सफा गर्दै मतदान केंद्रसम्म पुग्ने बताउनुभएको थियो। अमित मालवीयले भन्नुभयो यो बयान गंभीर चिंताको विषय हो अनि यसलाई गंभीरतासित लिन पर्नेछ। उहाँले मालदाको मोथाबाड़ीको हालैको घटनाको उल्लेख गर्दै भन्नुभयो यस्तो परिस्थितिहरुको संभावित परिणाम अघि आइसकेको छ। भाजपा नेताले यस मामिलामा निर्वाचन आयोगसित संज्ञान लिने अपील गर्नुभयो। त्यही यस बयानलाई लिएर हालसम्म तृणमूल कांग्रेसको तर्फबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

**प्रधानमंत्री, गृह मंत्री - भाजपा स्थापना दिव**

प्रधानमंत्री नरेंद्र मोदी, गृह मंत्री अमित शाह अनि भाजपा अध्यक्ष नितिन नवीन सहित भाजपाका अन्य वरिष्ठ नेताहरुले पार्टीको 47 औ स्थापना दिवसको अवसरमा कार्यकर्ताहरुलाई शुभकामना व्यक्त गरेका छन्। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो पार्टीले सदैव 'राष्ट्र प्रथम' को सिद्धांतले प्रेरित भएर समाज सेवामा अग्रणी बनेको छ। उहाँले भन्नुभयो भाजपा कार्यकर्ता निस्वार्थ सेवा, अटूट समर्पण अनि सुशासन प्रति गहिरो प्रतिबद्धताका लागि चिनिन्छ। श्री मोदीले ति अनेकौ कार्यकर्ताहरुलाई पनि याद गर्नुभयो जसको समर्पण अनि बलिदानले दशकौदेखि पार्टीको विकासलाई आकार दिएको छ।

**भाजपा स्थापना दिवस**

भारतीय जनता पार्टीको 47 ओ स्थापना दिवस दार्जीलिङ, कालेबुङ, खर्साङ अनि मिरिक लगायत अन्य स्थानमा पालन गरियो। कार्यक्रम दस बजेदेखि शुरु भएको थियो भने कार्यक्रममा भाजपाको 47 बर्षको यात्रालाई स्मरण गरियो। यसका साथै पार्टी लाई बिश्वको सबैभन्दा ठुलो पार्टी बनाउनमा खटिएका सम्पुर्ण कार्यकर्ताहरुप्रति कृतज्ञता प्रकट गरिएको जानकारी भाजपाका दार्जीलिङ जिल्ला समितिका सचिव निरज थापाले दिनु भयो।

**चुनाव प्रचार**

बिधानसभा चुनावको पहिलो चरणको मतदानका लागि दार्जीलिङ पहाडमा प्रचार तिव्र बनिरहेको छ। हरेक पार्टीका उम्मेदवार साथै स्वतन्त्र उम्मेदवारहरुले जनता माझ पुगि भोट अपिल गरिरहेका छन। यस्तोमा आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले दार्जीलिङका आफ्नो उम्मेदवार बिजय कुमार राईको पक्षमा दार्जीलिङ नगरपालिका अन्तर्गत, सदर 1 मा सम्पन्न एक रैली अनि सभामा उपस्थिति दिनुभयो। उहाँल भन्नुभयो, बंगाल विधान सभामा MLA पठाउँदा एक शिक्षित व्यक्तिलाई पठाउनु पर्छ। बङ्गालले शिक्षालाई धैरै महत्त्वपूर्ण दिन्छ। शिक्षित MLA पठाउनु हाम्रो निम्ति गर्वको कुरो हो। कालेबुङ क्षेत्रका भागोप्रमो उम्मेदवार रुदेन सादा लेप्चाले पनि चुनाव प्रचारको क्रममा कालेबुङकी पहिलो गोर्खा महिला विधायक रेणुलिना सुब्बासित भेट गर्नु भयो। भेटघाटको क्रममा श्रीमति सुब्बाले भनिन्, रुदेन सादा लेप्चाले कालेबुङमा गरेको कार्यलाई जनताले मुल्यांकन गर्नेछ। श्रीमति सुब्बाले पहाडमा काम गर्न कठिनाइ रहेको उल्लेख गर्दै पहाडमा एकतिर कार्य गर्दा अर्कोतिर भत्किने जोखिम रहने बताउनु भयो। उहाँ पहाडमा पंचायतको पुनर्स्थापनाले धैरै सुविधा भएको बताउनु भयो।

***यसैगरी भारतीय जनता पार्टी (भाजपा) का कालेबुङ क्षेत्रका उम्मेदवार भरत छेत्रीले ३७ नम्बर समष्टिका जनतासँग निरन्तर रुपमा जोडिँदै चुनावी अभियानलाई तीव्रता दिइरहनु भएको छ। घरदैलो कार्यक्रम, जनसम्पर्क अभियान तथा विभिन्न सभाहरू मार्फत उहाँले जनताको समस्या बुझ्दै समाधानमुखी प्रतिबद्धता व्यक्त गरिरहनु भएको छ। भरत छेत्रीले आफ्नो अभियानमा विकास, पारदर्शिता र युवाहरूको सशक्त नेतृत्वलाई मुख्य एजेन्डाका रूपमा अघि सार्दै आएका छन्। अर्कोतिर श्रमजीवी पहलका स्वतन्त्र उम्मेदवार सुमेन्द्र तामाङले खर्साङ बजार क्षेत्रमा प्रचार गरे। खरसाङको रेलवे स्टेशन परिसरबाट गीतहरू गाउँदै शहरको मूल सडक भएर यहाँको बस बिसौनीमा ज्याली पुग्यो अनि त्यहाँ एक सभाको आयोजना गरियो। सुमेन्द्र तामाङले यस अवधि तिनीहरूको प्रचार अनि सभा साङ्गीतिक रूपमा हुने औ त्यहाँ विभिन्न क्षेत्रबाट युवा तथा श्रमजीवी साहित्यकार, सङ्गीतकारहरू अनि श्रमिकहरूको उपस्थिति रहने जनाए।***

**अजय एडवर्डस**

पश्चिम बंगाल बिधानसभा चुनावको पहिलो चरणको मतदानको निम्ति नामांकन दर्ता गर्ने अन्तिम दिन आज पहाडमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख संयोजक अजय एडवर्डसले दार्जीलिङ क्षेत्रवाट नामांकन पत्र दर्ता गर्नु भयो। यसैगरी पार्टीका अर्का कालेबुङ सिटका उम्मेदवार बर्नन ब्रिटो लेप्चाले पनि नामाकंन दर्ता गर्नु भयो। नामांकन दर्ता गतेपछि श्री एडवर्डसले पहाडमा परिवर्तनको वकालत गर्नु भयो। नामांकन दर्तापछि आइ जिजेएफका समर्थकहरुले दार्जीलिङ शहरमा रैलीको आयोजन गरे। अर्कोतिर खर्साङ बिधानसभा क्षेत्रमा मार्क्सवादी कम्युनिस्ट पार्टी अनि कंग्रेसले नामांकन पत्र दर्ता गरे।

**भाजपा मिरिक कार्यक्रम**

भारतीय जनता पार्टीले भोलि मिरिकमा एक चुनावी रैली अनि जनसभाको आयोजन गर्ने भएको छ। कार्यक्रम अनुसार दुधेदेखि कृष्णनगरसम्म समर्थकहरुले बाइक रैलीको आयोजन गर्नेछ। रैलीपछि कृष्णनगरदेखि मिरिक सुपर मार्केटमा एक जनसभा आयोजन हुनेछ। पार्टीको दार्जीलिङ जिल्ला समितिका सचिव निरज थापाले जानकारी दिए अनुसार जन सभालाई प्रमुख रुपमा खर्साङका पार्टी उम्मेदवार सोनाम लामा अनि दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले सम्बोधन गर्नेछ। श्री थापाले भाजपाको आदर्शलाई आत्मासाथ गर्ने सबै आम मानिसहरुलाई व्यापक रुपमा उपस्थिति दिने अनुरोध गर्नु भयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी अनि सांसद बिष्टको बिचारलाई सराहना गर्ने अनि गोर्खा एकतामा बल दिने सबैको निम्ति भोलिको सभा महत्त्वपूर्ण हुने बताउनु भयो। यसका साथै भाजपासितको गठबन्धनमा रहेको क्षेत्रीय दलका प्रतिनिधिहरुलाई पनि उपस्थितिको निम्ति अनुरोध गर्नु भयो।

**मणि कुमार छेत्री - निधन**

प्रसिद्ध चिकित्सक अनि पद्मश्री द्वारा सम्मानित डॉ. मणि कुमार छेत्रीको हिज अबेर राती निधन भएको छ । उहा 105 वर्षको हुनुहुन्थ्यो । पारिवारिक सूत्र अनुसार उहाले राती लगभग 10 बजेर 15 मिनेट जाँदा कोलकाताको बालीगंज प्लेस स्थित आफ्नो निवासमा अंतिम स्वास लिनुभयो । उहा बिगत केहि समय देखि उमेर सम्बन्धित स्वास्थ्य समस्याहरुसित जुझी रहनुभएको थियो । लगभग 15 दिन अघि उहालाई टाउकोमा चोट लागेको थियो त्येस पछि उहाको शारीरिक स्थिति बिग्रन थालेको थियो । पश्चिम बंगालक मुख्यमंत्री ममता बनर्जीले उहाको निधनमा गहिरो शोक व्यक्त गरेका छन् । मुख्यमंत्रीले सोशल मीडियामा भन्नुभयो कि डॉ. छेत्रीको निधनले बंगाल अनि देशको चिकित्सा जगतको एक महत्वपूर्ण अध्याय समाप्त भएको छ । उहाले दिवंगत आत्माको शांतिको लागि प्रार्थना गर्दै परिजनहरु , छात्रहरु अनि रोगीहरु प्रति संवेदना व्यक्त गर्नुभएको छ । डॉ. छेत्री एसएसकेएम अस्पतालका निदेशक रहिसक्नुभएको छ । उहाको प्रयासले अस्पतालमा इंटेंसिव थेरेपी यूनिट (आईटीयू) को स्थापना भएको थियो । यसको साथै एंडोक्राइनोलॉजी, कार्डियोलॉजी, नेफ्रोलॉजी, डायबिटीज अनि रूमेटोलॉजी जस्ता विभागहरुको शुरुआत पनि उहाकै प्रयासमा भयो , जो राज्यका अस्पतालहरुमा पहिलो पल्ट स्थापित गरिएको थियो ।

***डॉ. मणि कुमार छेत्री का जन्म 23 मई 1920 मा दार्जिलिंगमा भएको थियो । उहाले प्रारंभिक शिक्षा दार्जिलिंगमा प्राप्त गर्नुभयो अनि 1936 मा कलकत्ता विश्वविद्यालयबाट मैट्रिक परीक्षा उत्तीर्ण गर्नुभयो । उहाले 1944 मा चिकित्सामा स्नातक अनि 1949 मा स्नातकोत्तरको उपाधि प्राप्त गर्नुभयो । पछि उच्च अध्ययनको लागि विदेश जानुभयो अनि 1955 मा रॉयल कॉलेज ऑफ फिजिशियंस, लंदनबाट एमआरसीपी को डिग्री प्राप्त गर्नुभयो । उहाले अमेरिकन कॉलेज ऑफ कार्डियोलॉजी, इंडियन एकेडमी ऑफ मेडिकल साइंसेज अनि रॉयल कॉलेज ऑफ फिजिशियंसको फेलोशिप पनि प्राप्त गर्नुभयो । उहालाई तत्कालीन मुख्यमंत्री बिधान चंद्र रॉयको कार्यकालमा कोलकाताको प्रेसिडेंसी जनरल अस्पतालमा सलाहकार चिकित्सकको रूपमा नियुक्त गरियो । भारत सरकारले चिकित्सा क्षेत्रमा उहाको उत्कृष्ट योगदानको लागि वर्ष 1974 मा उहालाई पद्मश्री द्वारा सम्मानित गरिएको थियो ।दार्जीलिंगका संसद राजु बिस्ट अनि GTA का प्रमुख कार्यपाल अनित थापाले उहाको निधनमा गहिरो शोक प्रकट गरेका छन् |***

**अभिषेक बनर्जी-सिलगुडी**

तृणमूल महासचिव अभिषेक बनर्जीको जनसभालाई लिएर शहरमा कडा ट्रैफिक नियम लागू गरिएको छ। आज सिलीगुड़ीको तराई स्कूल मैदानमा तृणमूल सांसदले पार्टी उम्मीदवारहरुको समर्थनमा सभा गर्ने छन्, जसलाई लिएर प्रशासन अलर्टमा छ।पुलिस अनुसार, दिउसोदेखि नै हिलकार्ट रोडमा दुवै तर्फ नो-पार्किंग लागू गरिएको थियो। अभिषेक बनर्जी हेलिपैड देखि होटलसम्म जाने क्रममा चंपासारी अनि दागापुर क्षेत्रमा केही समयका लागि ट्रैफिक नियंत्रित गरिने छ।

यस बाहेक, सभा अवधि कोर्ट मोड़ देखि वीनस मोड़ अनि विधान रोड देखि वीनस मोड़ सम्म आम वाहनहरुको आवाजाही माथि प्रतिबंध लगाईयो।ट्रैफिक जामबाट बच्नका लागि एनजेपी जाने वाहनहरुलाई फ्लाईओवर देखि गेट बजार तर्फ डायवर्ट गरिनेछ । सिलीगुड़ी मेट्रोपॉलिटन पुलिसले बताए अनुसार सभामा भीड़को मध्यनजर अतिरिक्त पुलिस बल तैनात गरिएको छ।

**अल्पसंख्यक समुदाय दार्जीलिङ**

दार्जीलिंग पहाड़ संयुक्त अल्पसंख्यक मञ्चका सदस्यहरूले आज  एक बैठक सम्पन्न गरे। बैठकमा बिहारी, बुद्धिष्ट, क्रिश्चियन र मुस्लिम समुदायका सदस्यहरू सहभागी थिए। साथै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पार्टीका प्रतिनिधिहरू दार्जीलिंग सब डिभिजन अध्यक्ष आलोक कान्तमणि थुलुङ र दार्जीलिंग नगरपालिका उपाध्यक्ष प्रतिभा राई पनि उपस्थित थिए। बैठकको उद्देश्य आगामी पश्चिम बंगाल विधान सभा निर्वाचन २०२६ का लागि बीजीपीएम पार्टी र दार्जीलिंग निर्वाचन क्षेत्रका उम्मेदवार विजय कुमार राईलाई  समर्थन प्रदान गर्नु रहेको थियो।

बैठकमा सहभागी सदस्यहरूले आफ्ना सम्पूर्ण अल्पसंख्यक समुदायका सदस्यहरूको सुरक्षा र समग्र विकास सुनिश्चित गर्ने विषयमा आश्वस्त हुने विचार व्यक्त गरे।

**टीएमसी -एफआईआर**

कोलकाताको परनश्रीमा तोड़फोड़ गरेको आरोपमा पुलिसले बेहाला पश्चिमका तृणमूल कांग्रेस -टीएमसी उम्मेदवार रत्ना चट्टोपाध्याय बिरुद्ध एफआईआर दर्ता गरेको छ। यो एफआईआर भाजपाको त्यस आरोप पछि दर्ता गरिएको हो जसमा भनिएको छ  कि तृणमूल कांग्रेसका कार्यकर्ताहरु अनि समर्थकहरुले भाजपाको पार्टी कार्यालयमा तोड़फोड़ गरे। भाजपा अनुसार, हिजो धेरै तृणमूल कार्यकर्ता परनश्री स्थित भाजपा कार्यालय पुगे अनि पोस्टर वा बैनर च्यातिदिए। कार्यालयमा पनि तोड़फोड़ गरियो। बेहाला पश्चिमका भाजपा उम्मीदवार इंद्रनील खानले आरोप लगाए अनुसार एफ आइ आर पछि पनि पुलिसले कुनै कार्रवाई गरेको छैन।

**हात्तीको आक्रमण**

रोहिणी टोल गेट नजिकै हात्तीको आक्रमणमा परेर एक व्यक्तिको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको खबर प्राप्त भएको छ। जानकारी अनुसार आज दिउँसो बाइकमा सवार दुइ व्यक्तलाई रोहिणीको टोल गेट नजिकै हात्तीको आक्रमण गरेको थियो। आक्रमणमा  परेका दुइ व्यक्ति सिलगढीदेखि खर्साङ आइरहेका थिए। घटना घटेपछि घाइतेहरुलाई सुकुना अस्पतालमा उपचारको निम्ति लगिएको थियो, उपचारको क्रममा एकको मृत्यु भएको छ। मृतक व्यक्ति सिलगढी निवासी महम्मद साकिल रहेको बताइएको छ भने अर्का व्यक्ति आलम गीरको खुट्टा भाँचिएको छ।

**********